फोन: ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
प्रदेश नं.-१
विराटनगर, नेपाल

## बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०४/३१)**

यस निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम** रहेको हुँदा प्रदेश नं. १ का ईच्छुक बेरोजगार कृषि प्राविधिकले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११)** अनुसार तोकिए वमोजिमका शर्तहरु पालना गरि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ। साथै रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु दर्ता हुने छैन। थप जानकारीका लागि यस निर्देशनालयको फो.नं. ०२१-५११३५८/५१६५६८ मा सम्पर्क राखहुन वा वेभसाईट **doad.p1.gov.np** बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११) डाउनलोड गर्न सकिने छ।

**आवेदन दर्ता तथा संलग्न गर्नुपर्ने कागजातहको लागि सम्पर्क गर्न सकिने कार्यालयहरु :**

१. कृषि विकास निर्देशनालय, प्रदेश नं १, विराटनगर
२. कृषि ज्ञान केन्द्रहरुः झापा, सुनसरी, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर, खोटाङ, इलाम, सोलुखुम्बु, भोजपुर र ओखलढुंगा ।(सम्पर्क केन्द्रहरुः ताप्लेजुङ्ग, मोरङ्ग र तेह्रथुम)

**कार्यक्रम विवरणः**

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | बेरोजगार कृषि प्राविधिकलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित व्यवसायिक कृषि कार्यक्रम | १५ | ७५% प्रतिशत वा बढिमा रु ५ लाख सम्म अनुदान | कृषि विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कृषि विषय अध्ययन गरि बेरोजगार बसेका युवाहरु। |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१.नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२.अनुसुचि १ अनुसार आफुले गर्न चाहेको व्यवसायमा आधारित प्रस्तावना।
३.तालिम लिएको वा सो सम्वन्धी अध्ययन गरेको प्रमाणपत्रको प्रतिलिपि।
४.कानुन वमोजिम सरकारी निकायमा दर्ता/नविकरण गरेको प्रमाण पत्र, स्थायी लेखा नम्वर, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि।
५.जग्गा धनिपुर्जा वा जग्गा भाडामा भए करारनामा पत्र।
६.अन्य कुनै पेशामा संलग्न नभएको स्व-घोषणापत्र ।
७.स्थानीय तहको सिफारीस पत्र।
८.कृषि ज्ञान केन्द्रको सिफारीस पत्र।
९.आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।
१०.कार्यक्रमको प्रकृति अनुसार स्वीकृत गराइएको स्फेसिफिकेसन, लागत स्टिमेट तथा नक्साङ्कन।
११. निवेदन दस्तुर प्रति निवेदन रु २०० कृषि विकास निर्देशनालय, राजस्व शीर्षकः १४२२९, कार्यालय कोडः ३१२०११३०११, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर

**निमित्त प्रमुख**